puspas.com.np

# पाठ १०

# स्थानीयकरणभन्दा विश्वव्यापीकरण बेस

**शब्दार्थ**

| | | |
|---|---|---|
| आक्षेप | : | आरोप |
| विद्वेष | : | शत्रुता, झगडा, डाह |
| विकासोन्मुख | : | विकासतिर लम्किरहेको |
| पुँजी | : | धन, नगद, उद्योग धन्दामा लगाएको सम्पत्ति |
| रेमिट्यान्स | : | वैदेशिक रोजगारीमा हुनेले स्वदेशमा पठाएको रकम |
| सङ्कुचित | : | साँगुरिएको, खुम्चिएको |
| नातावाद | : | आफ्नो नातेदारको हितमा काम गर्ने प्रवृत्ति, आफ्ना नाताप्रतिको मोह |
| कृपावाद | : | आफ्ना चाकडी गर्नेलाई हेर्ने प्रवृत्ति |
| कोसेलीपात | : | कोसेली वा उपहार |
| प्रवृत्ति | : | चालचलन, आचार विचार |
| परिवेश | : | ठाउँ, समय र वातावरण |
| संवर्धन | : | राम्ररी बढाउने काम |
| द्योतक | : | उज्यालो पार्ने, चम्काउने |
| बहुराष्ट्रिय कम्पनी | : | धेरै देशहरूका मानिस मिलेर बनाएका उद्योग धन्दा |
| सेयर | : | साझा रूपमा खोलिएको व्यापार व्यवसायको हिस्सा वा भाग, हिस्सेदारी |
| अवमूल्यन | : | मूल्य घट्ने काम |
| समवेदना | : | मित्र वा आफन्तहरूलाई दुःख पर्दा आफूलाई पनि उस्तै दुःख परेको अनुभूति गर्ने काम |
| निष्प्रभावी | : | प्रभाव वा तेज नभएको |
| अस्मिता | : | अस्तित्व, इज्जत, गौरव |
| लोकतन्त्र | : | बहुसङ्ख्यक जनताद्वारा निर्वाचित प्रतिनिधिले शासन गर्ने शासन व्यवस्था, प्रजातन्त्र |
| वाक् स्वतन्त्रता | : | आफ्ना विचार वा धारणा प्रस्तुत गर्न पाउने अधिकार |
| मानव अधिकार | : | मानवले पाउने हक तथा स्वतन्त्रता |
| बालिग मताधिकार | : | निश्चित उमेर पुगेपछि निर्वाचनमा मत हाल्ने र उम्मेदवार हुन पाउने हक |
| अन्तर्राष्ट्रिय सन्धि | : | विश्वका विभिन्न देशहरूले पालन गर्ने गरी भएका सम्झौता |
| अभिसन्धि | : | माथिल्लो तहमा भएका सम्झौता |
| अर्थतन्त्र | : | अर्थ वा धन परिचालन गर्ने नीति, व्यवस्था |
| लगानी | : | उद्योग वा व्यवसायका लागि गरिएको खर्च |
| अनुत्पादक | : | उत्पादन नहुने |
| विलासिता | : | मोजमस्ती र ऐस आराम दिने |
| आर्जनमुखी | : | नाफा कमाउने खालको |
| उपभोक्ता | : | प्रयोगमा ल्याउने वा व्यवहारमा ल्याउने व्यक्ति, उपभोग गर्ने व्यक्ति |
| एकाधिकार | : | एकलौटी, प्रतिस्पर्धा नभएको |
| मौलिक | : | अरू कसैको आधार नलिएको, नयाँ, मुख्य |
| विस्थापित | : | बसिरहेको देश वा ठाउँबाट निकालिएको, हटाइएको, निष्कासित |
| अभिनेता | : | रङ्गमञ्च तथा चलचित्रमा अभिनय गर्ने कलाकार |

puspas.com.np

सङ्ग्रहणीय : सङ्ग्रह गर्न योग्य, राख्न लायक
संवाहक : अगाडि बढाउने, फैलाउने
परनिर्भरता : अरूको भर पर्नु
भोगवादी : सुख सयल वा मोजमस्ती नै सबै थोक भन्ने मान्यता वा सिद्धान्त
विसर्जन : बिदा गर्ने काम, टुङ्ग्याउने काम

## अभ्यास

पेज ९५

### सुनाइ

**१. पाठको पहिलो अनुच्छेद सुनी वादविवाद प्रतियोगितामा के कस्ता नियम पालना गर्नुपर्दो रहेछ, भन्नुहोस् ।**

**उत्तर:** वादविवाद प्रतियोगितामा वक्ताले समयको पालना, कुनै पनि जाति, वर्ग, समुदाय, धर्म, क्षेत्र, लिङ्गप्रति भेदभाव हुने, आक्षेप लगाउने आपसी कहल र विद्वेष फैलाउने, भावना व्यक्त गर्न नपाइने, विपक्षीका मतको खण्डन गर्दा शिष्ट र मर्यादित रूपमा गर्नुपर्ने र निर्णायकको मत अन्तिम हुने कुरालाई पालना गर्नु पर्दो रहेछ ।

**२. पाठको तेस्रो र चौथो अनुच्छेद सुन्नुहोस् र विश्वव्यापीकरण भनेको के हो, भन्नुहोस् ।**

**उत्तर:** वस्तु, श्रम, पुँजी र प्रविधि विश्वभर आदानप्रदान हुने अवस्था नै विश्वव्यापीकरण हो । अर्को शब्दमा भन्दा मानिस, वस्तु, पुँजी, विचार, प्रविधि, संस्कृति कुनै निश्चित ठाउँ र देशको सीमा नाघेर विश्वभर फैलिने अवस्था नै विश्वव्यापीकरण हो ।

**३. पाठको पाँचौँ अनुच्छेद श्रुति लेखन गर्नुहोस् ।**

**उत्तर:** पाठको पाँचौँ अनुच्छेद शिक्षकले भनेको सुनेर विद्यार्थीले शुद्ध लेख्न प्रयास गर्ने ।

### बोलाइ

**४. तलका शब्दहरूको शुद्ध उच्चारण गर्नुहोस् :**
**सभाध्यक्ष, विद्वेष, विश्वव्यापीकरण, संवाहक, अस्तित्व, प्रतिस्पर्धा, विस्थापित, यान्त्रिकीकरण**

**उत्तर:** दिइएका शब्दहरू विद्यार्थीले शुद्ध उच्चारण गर्ने, उच्चारण गर्न नसके शिक्षकको सहयोग लिने ।

**५. विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा छ, कसरी ? पाठको बारौँ अनुच्छेदका आधारमा भन्नुहोस् ।**

**उत्तर:** निश्चय नै विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा रहेको छ । विश्वव्यापीकरणले विकसित र बलियाहरूको भाषा, उनीहरूकै संस्कृति, उनीहरूकै प्रविधिलाई संसारभर फैलाउँछन् । जो धनी छ, उसैले आर्थिक लगानी गर्न सक्छ । आफूले लगानी गर्ने उत्पादक कम्पनीहरूमा उसले आफ्नै भाषा, आफ्नै प्रविधि, आफ्नै संस्कृति लागु गर्छ । त्यसैले विश्वव्यापीकरण सम्पन्न र शक्तिशालीका पक्षमा रहेको स्पष्ट हुन्छ ।

**६. तपाईंको समाजमा विश्वव्यापीकरणको के कस्तो प्रभाव छ ? समूहमा छलफल गर्नुहोस् र समूह नेताले छलफलको निष्कर्ष कक्षामा सुनाउनुहोस् ।**

**उत्तर:** आफ्नो समाजमा विश्वव्यापीकरणले पारेको प्रभावबारे कक्षा समूहगत रूपमा छलफल गर्ने र निष्कर्षलाई प्रस्तुत गर्ने ।

आज मेरो समुदायमा विश्वव्यापीकरणले प्रभाव जमाउन थालिसकेको छ । गाउँमा जताततै इमेल, इन्टरनेट, इलाइब्रेरी, इलर्निङ, इमार्केटिङका कुराहरू फैलिन थालेका छन् । विदेशमा गएर श्रम गरी रेमिट्यान्स पठाउनाले गाउँको अर्थतन्त्र बलियो बन्दै गएको छ । उपभोग्य वस्तु छान्ने अधिकार समुदायमा प्राप्त भएको छ । स्थानीय

pushpas.com.np

स्तरका राम्रा कुराहरू विश्व बजारसम्म पुग्न थालेका छन् । विश्वव्यापीकरणको प्रभावले गर्दा लोकतन्त्र, वाक् स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, अन्तर्राष्ट्रिय सन्धि, अभिसंन्धिका कुराहरू मेरो समुदायमा उठ्न थालेका छन् । यस्तै मेरो समुदायका मानिसहरूको प्रतिभा, क्षमता र मिहनतले फक्रने मौका पाएको छ । जात, वर्ग, लिङ्ग र क्षेत्रगत रूपमा गरिने भेदभावहरू हराउँदै गएका छन् । विश्वव्यापीकरणको प्रभावले मेरो समुदायका जनता नाफामुखी र आर्जनमुखी बन्दै गएका छन् । त्यस्तै समुदायमा रहेको असमानता, असमझदारी आदि कुरा हट्दै गएका छन् ।

**७. तपाईंको विद्यालयमा हुने वादविवादका नयाँ विषय के हुन सक्छन् ? कक्षामा छलफल गरी निष्कर्ष निकाल्नुहोस् ।**

उत्तर: मेरो विद्यालमा हुने वादविवादका विषयहरू निम्नानुसार हुन सक्छन् :

(क) शारीरिकभन्दा नैतिक बल शक्तिशाली हुन्छ ।

(ख) युद्धले भन्दा शान्तिले संसारलाई वशमा राख्न सकिन्छ ।

(ग) विज्ञान अभिशाप होइन वरदान हो ।

(घ) नारी शिक्षित भए मात्र समाज शिक्षित हुन्छ ।

(ङ) भौतिक उन्नतिभन्दा आध्यात्मिक उन्नति सुखदायक हुन्छ ।

(च) सहरिया जीवनभन्दा गाउँले जीवन बेस

## पठाइ

**८. पाठका अनुच्छेदहरू हाउभाउसहित पालैपालो पढ्नुहोस् ।**

उत्तर: पाठका अनुच्छेदहरू शिक्षकको उपस्थितिमा कक्षामा विद्यार्थीले पालैपालो हाउभाउसहित पढ्ने ।

**९. पाठको छैटौं अनुच्छेद पढी तलका प्रश्नको उत्तर दिनुहोस् :**

**(क) स्थानीयकरण भनेको के हो ?**

उत्तर: स्थानीयकरण भनेको कुनै पनि कुरालाई सानो क्षेत्र वा खण्डमा सीमित गर्नु हो ।

**(ख) मानिसमा भएको अथाह क्षमताको विकासका लागि के चाहिन्छ ?**

उत्तर: मानिसमा भएको अथाह क्षमताको विकासका लागि उसको प्रतिभा र क्षमताले फल्ने, फुल्ने र फैलने मौका चाहिन्छ ।

**(ग) 'स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ' यो भनाइमा तपाईं सहमत वा असहमत के हुनुहुन्छ ? तर्कसहित आफ्ना विचार प्रस्तुत गर्नुहोस् ।**

उत्तर: स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ भन्ने भनाइसित म पूर्णत: सहमत छु । नेपाली समाज त्यति सचेत र प्रविधिप्रति परिचित हुन सकेको छैन । प्रविधिप्रति परिचित हुने हो भने स्थानीय शासकहरू, धनीमानीहरू टाठाबाठाहरू र बदमासहरूको केही लाग्ने थिएन । आज स्थानीय शासकहरूकै रजाइँ छ । समाजमा धनीमानीहरू र टाठाबाठाकै मनोमानी छ । बदमासहरूले सर्वसाधारणलाई दु:ख दिइनै रहेका छन् । अत: स्थानीयकरणमा स्थानीय शासकहरू, धनीमानीहरू, टाठाबाठाहरू, बदमासहरूको बोलवाला हुन सक्छ । त्यसैले स्थानीयकरणले सर्वसाधरणको हित गर्न नसक्ने हुनाले आवश्यक देखिँदैन ।

puspas.com.np

**(घ) स्थानीयकरणले मानिसलाई केका आधारमा विभाजन गर्छ ?**

उत्तर: स्थानीयकरणले मानिसलाई जाति, धर्म, परम्परा, क्षेत्र आदिका आधारमा विभाजन गर्छ ।

**(ङ) स्थानीयकरणबाट मानिस मानिसबिचमा विभेद र वैमनस्य सिर्जना गर्छ र द्वन्द्व निम्त्याउँछ , कसरी ? तर्कद्वारा पुष्टि गर्नुहोस् ।**

उत्तर: स्थानीयकरणले मानिसलाई जाति, धर्म, क्षेत्र आदिका आधारमा विभाजन गर्ने काम गर्छ । यसले गर्दा मानिस मानिसका बिचमा विभेद र वैमस्य सिर्जना हुन्छ र समाजमा द्वन्द्व निम्तिन्छ । यिनै कारणले गर्दा स्थानीयकरणबाट मानिस मानिसका बिच विभेद र वैमनस्य सिर्जना गर्छ र द्वन्द्व निम्त्याउँछ भन्ने कुरो पुष्टि हुन्छ ।

**१०. पाठको दसौँ अनुच्छेदको सारांश भन्नुहोस् ।**

उत्तर:

**विश्वव्यापीकरणका बेफाइदा**

विश्वव्यापीकरणमा विश्व बजार बहुराष्ट्रिय कम्पनीका हातमा हुने भएकाले त्यसका मालिकहरू सम्पन्न र शक्तिशाली देशका हुन्छन् । उनीहरूले आफ्नै हितमा नियम बनाउने हुनाले गरिब र पिछडिएका क्षेत्रका मानिसले काम पाउँदैनन् । अझ रोबोट र मेसिनले काम गर्ने हुनाले श्रमको काम घट्ने र बेरोजगार बढ्ने अवस्था आउँछ ।

**११. पाठको एघारौँ अनुच्छेद पढी त्यसका मुख्य-मुख्य बुँदा टिपोट गर्नुहोस् ।**

उत्तर:
(क) स्थानीयकरणमा स्थानीय स्तरकै रोजगारी उपलब्ध हुने र आफ्नै थलोमा काम पाउँदा मानिस खुसी हुने अवस्था रहेको,
(ख) विश्वव्यापीकरणमा जस्तो स्थानीयकरणमा अर्को भाषा सिक्नुपर्ने, भिन्न संस्कृतिलाई अँगाल्नु पर्ने, अपरिचित र भिन्न वातावरणमा आफूलाई समायोजन गर्नु नपर्ने,
(ग) आफूले जानेकै सिप, भाषा, आनीबानी, आचार व्यवहारमा रहेर काम गर्न पाउँदा मान्छेले आफ्नो प्रतिभा र क्षमताको विकास गर्न सक्ने,
(घ) स्थानीयकरणमा उचित परिवेश प्राप्त हुने भएकाले सुख र सन्तुष्टि पाइने
(ङ) सुख, सन्तुष्टि र क्षमताको विकास स्थानीयकरणमा मात्र हुने ।

**१२. पाठका १२ औँ, १५ औँ र १६ औँ अनुच्छेदहरू पढी कुनै पाँचओटा प्रश्न बनाउनुहोस् ।**

उत्तर:
(क) विश्वव्यापीकरणका बेफाइदाहरू के-के हुन् ?
(ख) किन विश्वव्यापीकरणभन्दा स्थानीयकरण बेस मानिएको हो ?
(ग) विश्वव्यापीकरण र स्थानीयकरणमा पाइने भिन्नता के-के हुन् ?
(घ) विश्वव्यापीकरणका फाइदाहरू के-के हुन ?
(ङ) उदार अर्थतन्त्रमा के-कस्ता आर्थिक गतिविधिहरू हुने गर्छन् ?

**लेखाइ**

**१३. अर्थ खुल्ने गरी वाक्य बनाउनुहोस् :**
**सङ्कुचित, विद्वेष, स्थानीयकारण, भोगवादी, अराजकता, संवर्धन**

उत्तर:
सङ्कुचित : मानिसले सङ्कुचित भावना त्याग्नुपर्छ ।
विद्वेष : समाजमा विद्वेष फैलाएर फाइदा लिने मानिसहरू थुप्रै हुन सक्छन् ।
स्थानीयकारण : स्थानीयकरणमा जनतालाई थुप्रै अवसरहरू दिन सकिन्छ ।
भोगवादी : सहरमा भोगवादी चिन्तनको विकास व्यापक रूपमा हुँदै गएको छ ।
अराजकता : समाजमा अराजकता सिर्जना गर्नेलाई समयमै तह लगाउनु पर्छ ।
संवर्धन :कला, साहित्य र संस्कृतिको संवर्धनमा राज्यको प्रमुख दायित्व हुनुपर्छ ।

pulspas.com.np

१४. **तलका शब्दहरूको पयार्यवाची शब्द लेख्नुहोस् :**
**निन्दा, झगडा, शिष्ट, होडबाजी, विभेद, अस्मिता, कन्जुस, खराब, अनुचित**

उत्तरः निन्दा - घृणा, तिरस्कार
झगडा - कलह, रडाको
शिष्ट - सभ्य, भद्र, नम्र
होडबाजी - प्रतिस्पर्धा, प्रतियोगिता, होड
विभेद - भिन्नता, फरक, अन्तर
अस्मिता - आफ्नो सत्ता, आफ्नोपन, सत्व, अस्तित्व
कन्जुस - लोभी मान्छे, मक्खीचुस
खराब - रद्दी, बेकम्मा
अनुचित - अनुपयुक्त, गलत

१५. **साथीलाई भन्न लगाई पाठका कुनै दुई अनुच्छेदको श्रुतिलेखन गर्नुहोस् र लेखिसकेपछि मूल पाठसँग रुजु गरी गल्ती सच्याउनुहोस् ।**

उत्तरः कक्षामा पाठका कुनै दुई अनुच्छेदलाई भन्न लगाई श्रुतिलेखन गर्ने र लेखिसकेपछि रुजु गर्ने ।

१६. **स्थानीयकरण पक्षका वक्ताहरूका तर्कलाई आधार मानी तलका प्रश्नका छोटो उत्तर लेख्नुहोस् ।**

(क) **मातृभाषाको के महत्त्व हुन्छ ?**

उत्तरः मातृभाषाको ठुलो महत्त्व हुन्छ । मातृभाषा मान्छेले आफ्नी आमाको काखमा लुटपुटिएदेखि नै सिक्न थाल्छ । आफ्ना व्यवहार चलाउन सिकेका भाषाबाट भन्दा मातृभाषामा सजिलो हुन्छ । स्थानीयकरणमा स्थानीय स्तरमा रोजगारी प्राप्त हुने भएकाले त्यसबेला आफ्नै मातृभाषाको प्रयोग गर्न सकिन्छ । विश्वव्यापीकरणमा सम्पन्न र शक्तिशालीहरूले आफ्नै भाषा लाद्ने गर्छन् । त्यो मानिसका लागि सहज हुँदैन । आफ्नै मातृभाषाका माध्यमबाट जागिर खान पाउँदा मानिस खुसी र सन्तुष्ट हुन्छ । त्यसैले मातृभाषाको ठुलो महत्त्व हुन्छ ।

(ख) **किन पुर्ख्यौली पेसामा मानिसको बढी दक्षता हुन्छ ?**

उत्तरः नयाँ पेसामा भन्दा पुर्ख्यौली पेसामा मानिसको दक्षता हुन्छ । पुर्खाले गर्दै आएको पेसा मानिसले सानैदेखि देख्दै र भोग्दै आएको हुन्छ । त्यस पेसाका फाइदा तथा बेफाइदाहरू पनि मान्छेले आफ्नै वरिपरिको परिवेशबाट थाहा पाइरहेको हुन्छ । समय सीमादेखि लिएर वस्तुको मूल्य तथा बजारको अवस्था पनि थाहा हुन्छ ।

मानिसले आफ्नो बाल्य परिवेशमा सिकेका भाषा, सिप तथा चाल चलनहरू चाहेर पनि भुल्न सक्दैन र ती उसका लागि प्रिय हुने गर्छन् । ती कुरा उसका जीवन पद्धति बनिसकेका हुन्छन् । तिनैमा उसको पहिचान बनिसकेको हुन्छ । त्यसैले पुर्ख्यौली पेसामा मानिसको दक्षता हुन्छ ।

(ग) **स्थानीयकरणले कसरी पहिचानको रक्षा गर्छ ?**

उत्तरः स्थानीयकरणले स्थानीय भाषा, क्षेत्र, जाति, प्रविधि, सिप, विचारको संरक्षण, संवर्धन र विकासको कुरा गर्छ । यी कुरा स्थानीय स्तरका पहिचान गर्ने मुख्य आधार हुन् । स्थानीय भाषा, क्षेत्र, जाति, प्रविधि, सिप र विचारका बारेमा जान्न, बुझ्न विश्वका कुनाकाप्चामा गएर पाइँदैन । त्यसका लागि स्थानीय स्तरमै जान्नुपर्ने हुन्छ । मानिसलाई आफ्नो स्थानीय स्तरकै भाषा, संस्कृति मन पर्छ । त्यसैमा रमाउन पाउँदा सुख र सन्तुष्टि पनि उसले प्राप्त गर्छन । यही कारणले गर्दा नै स्थानीयकरणले पहिचानको रक्षा गर्छ ।

puspas.com.np

**(घ) स्थानीय सिपमा पनि विज्ञान हुन्छ भन्ने भनाइमा तपाईं सहमत वा असहमत के हुनुहुन्छ ?**

**उत्तर:** स्थानीयकारणमा पनि विज्ञान हुन्छ भन्ने भनाइमा म सहमत छु । स्थानीयकरणले स्थानीय सिप र स्थानीय उत्पादनलाई जोड दिन्छ । स्थानीय सिप आफैं विकसित हुँदै आएको हुन्छ । पुर्खाले अँगाल्दै आएको सिपलाई पुस्तान्तरण गर्दै जाँदा सिक्दै र सिक्ने क्रममा विकसित प्रविधिमा विज्ञानको प्रभाव हुने गर्छ । त्यो सिप त्यसैले लोकप्रिय भएको हुन्न । त्यसमा पर्ने कला र प्रविधिका बारेमा पुरापुर थाहा पाएर नै मानिसहरूले काम गरिरहेका हुन्छन् । एउटा ढुङ्गाको मूर्ति बनाउने कलाकार होस् वा चित्र कोर्ने चित्रकार उसले स्थानीय परिवेशबाटै सिकेर सुन्दर मूर्ति र चित्र बनाइरहेको हुन्छ । त्यसैले स्थानीय सिपमा विज्ञान हुन्छ भन्ने कुरामा मेरो शतप्रतिशत सहमति छ ।

**(ङ) वातावरणीय सङ्कट निम्तिने कारण के हो ? स्थानीयकरणले कसरी वातावरण संरक्षण गर्दछ ?**

**उत्तर:** विश्वव्यापीकरण वातावरणीय विनाशको मुख्य कारक मानिन्छ । विश्वव्यापीकरणसँगै ठुला उद्योग र कलकारखानाहरू बन्छन् र सहरीकरण हुँदै जान्छ । वन जङ्गल मासिने क्रम पनि बढ्दै जान्छ । यसले गर्दा वातावरण प्रदूषित हुने र ओजन तहको विनाश हुन थाल्छ । तीव्र वातावरणीय सङ्कट निम्तिने कारण विश्वव्यापीकरण नै हो । स्थानीयकारणले मात्र वातावरण संरक्षण गर्न सक्छ । आफ्नो स्थानको वातावरण आफैंले जोगाउनु पर्ने हुन्छ । त्यसका लागि सम्पन्न र शक्तिशाली मुलुकले आएर केही गर्ने होइन । स्थानीयकरणले जनचेतना फैलाएर अनि योजना तर्जुमा गरेर वातावरण संरक्षण गर्दछ ।

**(च) विश्वव्यापीकरणले स्थानीय मौलिक कुराहरू विस्थापित गरेको कुनै उदाहरण लेख्नुहोस् ।**

**उत्तर:** विश्वव्यापीकरणले स्थानीय मौलिक कुराहरू विस्थापित हुन सक्छन् । विश्वव्यापीकरणमा विश्व बजार बहु राष्ट्रिय कम्पनीहरूका हातमा हुने गर्छ । बहुराष्ट्रिय कम्पनीका मालिकहरू सम्पन्न र शक्तिशाली देशका हुने गर्छन् । उनीहरूले बनाउने नियम र उत्पादन गर्ने वस्तुहरू उनीहरूकै हितमा हुन्छन् । त्यसैले सम्पन्न र शक्तिशाली देशका मानिसहरूका चपेटामा पर्ने हुनाले स्थानीय मौलिक कुराहरू विस्थापित्त हुने गरेको पाइन्छ । उदाहरणका लागि संस्कृतिलाई लिन सकिन्छ । आज नेपाली संस्कृतिले आफ्नो मौलिकतालाई गुमाउँदै लैजानुमा विश्वव्यापीकरणकै प्रभाव रहेको कुरा उदाहरणका रूपमा प्रस्तुत गर्न सकिन्छ ।

**१७. भाव विस्तार गर्नुहोस् :**

**(क) खुला संसार, खुला परिवेशमा नै मानिसको प्रतिभा, क्षमता र मेहनतले फक्रने, फुल्ने र फैलिने मौका पाउँछ ।**

**उत्तर:** मानिसको प्रतिभा प्रस्फुटन हुन खुला वातावरणको आवश्यकता पर्दछ । स्थानीयकरणले सङ्कुचनको वातावरण सिर्जना गर्छ भने विश्वव्यापीकरणले फराकिलो वातावरण निर्माण गर्छ । खुला संसार निर्माण गर्ने विश्वव्यापीकरणमा मानिसले आफ्नो प्रतिभा, क्षमता र मेहनतले पक्रिने, फुल्ने र फैलिने मौका पाउँछ । यस्तो वातावरण स्थानीयकरणमा प्रायः असम्भव हुने गर्छ भने विश्वव्यापीकरणमा सम्भव हुन्छ ।

मानिसलाई आफ्नो प्रतिभा र क्षमताको विकास गर्न राम्रो वातावरणको आवश्यकता पर्दछ । वर्तमान सन्दर्भमा भन्दा राम्रो वातावरण विश्वव्यापी रूपमा अवसरहरूमा पहुँच भए मात्र सम्भव हुन्छ । विना पहुँच प्रतिभा र

pustak.com.np

क्षमता देखाउन सकिन्न । त्यसका लागि खुला वातावरण नभई हुन्न । खुला वातावरण भएन भने प्रतिभाले फक्रने, फुल्ने र फैलने मौका पाउँदैन । अतः विश्वव्यापीकरणले फराकिलो दायरा अँगाल्ने तथा प्रतिभा अनि क्षमताको सधैँ कदर गर्ने अवसर पनि प्रदान गर्ने हुनाले विश्वव्यापीकरणमा प्रतिभा, क्षमता, र मेहनतले प्रशस्त फक्रने र फैलने मौका पाउने कुरामा दुई मत छैन ।

**(ख) स्थानीय उत्पादनहरू बढी लाभदायक, टिकाउ र अझ सङ्ग्रहणीय हुन्छन् ।**

**उत्तरः** स्थानीय उत्पादनमा स्थानीय प्रकृति, संस्कृति, परम्परा, वातावरण, जनस्वास्थ्य आदिको ख्याल गरिएको हुन्छ । त्यसैले स्थानीय उत्पादनहरू बढी महत्त्वपूर्ण हुने गर्छन् । स्वाभाविक रूपमा मानिसलाई आफ्नो स्थानीय उत्पादनहरू प्रिय लाग्छन् । उनीहरू त्यसैमा अभ्यस्त हुँदै आउने भएकाले ती वस्तुहरू प्रिय लाग्नु स्वाभाविक मानिन्छ । ती उत्पादनहरू बढी भरपर्दा र टिकाउ पनि हुने गर्छन् ।

निश्चय नै स्थानीय उत्पादनहरूमा स्थानीय तहकै सिप, प्रविधि आदिको प्रयोग भएको हुन्छ । उत्पादनमा लामो समयको अनुभव प्रयोग गरिन्छ । आफ्नो उत्पादनलाई बढी विश्वसनीय र भरपर्दो बनाउन उत्पादनकर्ताले सोच विचार गरेकै हुन्छ । मानिसहरू स्थानीय उत्पादनमै बढी भर पर्ने भएकाले उत्पादनकर्ताले आफ्नो उत्पादनलाई बढी प्रभावकारी बनाउनु आवश्यक छ । स्थानीय उत्पादन स्वास्थ्यका दृष्टिले बढी लाभदायक हुने र टिकाउ समेत हुन्छ । यस्ता विशिष्ट गुण भएकाले यी वस्तुहरू सङ्ग्रह गर्न योग्य पनि हुने गर्छन् । अतः मानिसका लागि स्थानीय उत्पादनहरू नै लोकप्रिय, टिकाउयुक्त र सङ्ग्रहणीय रहेकाले महत्त्वपूर्ण हुने गर्छन् ।

**१८. विश्वव्यापीकरणका राम्रा र नराम्रा पक्षहरू के-के हुन्, तालिकामा देखाउनुहोस् ।**

| विश्वव्यापीकरणका राम्रा पक्षहरू | विश्वव्यापीकरणका नराम्रा पक्षहरू |
|---|---|
| (क) विश्वव्यापीकरणको प्रभाव व्यक्ति, समाज, राष्ट्र र विश्वमै परेको छ । | (क) विश्वव्यापीकरणमा विश्वबजार, बहुराष्ट्रिय कम्पनीका हातमा हुने भएकाले त्यसका मालिकहरू सम्पन्न र शक्तिशाली देशका हुन्छन् । |
| (ख) विश्वव्यापीकरणकै प्रभाव स्वरूप इमेल, इन्टरनेट, इलाइब्रेरी, इलर्निङ, मार्केटिङका कुराले सबैतिर घर जमाएको छ । | (ख) विश्वव्यापीकरणमा सबै कुराको एकाधिकार सम्पन्न र शक्तिशालीका हातमा हुने भएकाले गरिब र पिछडिएका क्षेत्रका मानिसले अवसरबाट वञ्चित हुनुपर्ने अवस्था सिर्जना हुन्छ । |
| (ग) वस्तु, श्रम, पुँजी र प्रविधि विश्वभर आदान प्रदान गर्ने अवस्था सिर्जना भएको छ । | (ग) विश्वव्यापीकरणमा अर्को भाषा सिक्नुपर्ने, भिन्न संस्कृतिलाई अँगाल्नुपर्ने, अपरिचित तथा भिन्न वातावरणमा हरेकलाई आफूलाई समायोजन गर्नुपर्ने अवस्था हुन्छ । |
| (घ) विश्वव्यापीकरणको प्रभावकै कारण आज विश्वभर लोकतन्त्र, वाक् स्वतन्त्रता, मानव अधिकार, बालिग मताधिकार, अन्तर्राष्ट्रिय सन्धि, अभिसन्धिका कुराहरूले प्रभावित पारेको छ । | (घ) विश्वव्यापीकरणमा आफूले जानेको सिप, भाषा, आनीबानी, आचार, व्यवहार गर्नबाट वञ्चित हुनुपर्छ । |

pushpas.com.np

**१९. विश्वव्यापीकरणका दुष्प्रभाव हटाउन स्थानीयकरण आवश्यक छ, विवेचना गर्नुहोस् ।**

**उत्तर:** विश्वव्यापीकरणका दुष्प्रभावहरू थुप्रै देखिएका छन् । यिनलाई हटाउनु आवश्यक भइ सकेको छ । विश्वव्यापीकरणका उत्पादनहरू तत्कालको आवश्यकता पुरा गर्ने खालका मात्रै हुने गर्छन् । क्षणिक हुन्छन्, ती धेरै टिकाउ र सङ्ग्रहणीय हुन सक्दैनन् । त्यसैले स्थानीयकरण गरेर विश्वव्यापीकरणको दुष्प्रभाव हटाउन आवश्यक भएको छ ।

आज विश्वव्यापीकरण वातावरणीय विनाशको मुख्य कारक बनेको छ । ठुल्ठुला उद्योग तथा कलकारखाना खुल्ने र सहरीकरण हुँदै जाँदा वनजङ्गल नासिँदै गएको छ । यसले गर्दा आज वातावरण प्रदुषित बनेको छ । यसैगरी वातावरण प्रदूषित भएका कारण ओजोन तहको नाश भई पृथ्वीमा जीवको अस्तित्व सङ्कटग्रस्त बनेको छ । यस्ता नकारात्मक कुराहरूमाथि नियन्त्रण गर्ने काम स्थानीयकरणले मात्रै गर्न सक्छ । स्थानीयकरणले मानिसलाई जाति, धर्म, परम्परा, क्षेत्र आदिका आधारमा विभाजन गर्नुका साथै सबैलाई प्रोत्साहित र संरक्षण गर्छ ।

विश्वव्यापीकरणले स्थानीय मौलिकता र बहुउपयोगी वस्तुहरूलाई विस्थापित गर्ने काम गर्छ । यसले गर्दा स्थानीय मौलिक उत्पादनहरू कमजोर हुने र स्थानीय तहका पेसा, संस्कृति, परम्परा आदि कुरा लोप हुने जोखिम बढ्छ । विश्वव्यापीकरणले स्थानीय मौलिक वस्तुप्रति विकर्षणको भाव पैदा गरिदिने हुनाले यसको संरक्षण स्थानीयकरणबाटै सम्भव रहेको देखिन्छ । स्थानीय उत्पादनहरू बढी टिकाउ, भरपर्दो र सङ्ग्रहणीय हुने हुनाले यसतर्फ सबैको ध्यान जानु आवश्यक छ ।

विश्वव्यापीकरणले स्थानीय भाषा, क्षेत्र, जाति, प्रविधि, सिप, विचार आदिको संरक्षण तथा संवर्धन गर्नुको सट्टा तिनको विस्थापन गर्छ । पुर्खाहरूले आविष्कार गरेका र मान्दै आएका कुरा विस्थापित बन्दा मानिसले रिक्तताको अनुभव गर्छ । आफ्नो जीवन अपूर्ण भएको अनुभूति विश्वव्यापीकरणले ल्याइदिन्छ । मानिस सबै कुराले भरिपूर्ण बनाउने काम स्थानीयकरणले गर्छ ।

विश्वको अर्थतन्त्रलाई एकलौटी बनाउने काम विश्वव्यापीकरणले गर्छ । यसले स्थानीय अर्थतन्त्रलाई ध्वस्त पारी परनिर्भर बनाइदिन्छ । जसले गर्दा अनेकौं समस्याहरू सिर्जना हुन्छन् । यसको संरक्षण पनि स्थानीयकरणबाट मात्र सम्भव छ । विश्वव्यापीकरणमा रोजगारी सहजै पाइने भनिए पनि भाषा, सिप, वातावरण आदिका कारणले त्यो त्यति सुलभ छैन । त्यसमा देखिने समस्याको निराकरण गर्दै स्थानीयकरणले रोजगारीको सिर्जना गरी मानिसको जीवनलाई सहज बनाउन सक्छ । यसरी विश्वव्यापीकरणका थुप्रै दुष्प्रभावहरू हटाउन स्थानीयकरण आवश्यक रहेको स्पष्ट छ ।

**२०. हलन्त (अन्त्यमा व्यञ्जन) उच्चारण हुने अवस्थालाई लेखाइमा खुट्टो काटेर देखाइन्छ (जस्तै : बस्, हिँड्, लेख् आदि), तर सबै ठाउँमा त्यसरी खुट्टो काटिँदैन । तलको तालिकामा उच्चारण र लेखाइमा पाइने भिन्नता र समानताका केही उदाहरण दिइएको छ, थप उदाहरणहरू खोज्नुहोस् ।**

| | कहाँ | उच्चारण | लेखाइ | थप उदाहरण |
|---|---|---|---|---|
| १. | क्रियापद | बस्, उठ्, हिँड्, बस्छिन् | बस्, उठ्, हिँड्, बस्छिन् | |
| २. | मान्, वान् | श्रीमान्, बुद्धिमान्.. | श्रीमान्, बुद्धिमान् | |
| ३. | अन्य | अर्थात्, जगत्, बृहत् | अर्थात्, जगत्, बृहत् | |
| ४. | नाम शब्द | नेपाल्, राम्, धान् | नेपाल, राम, धान | |
| ५. | सर्वनाम | यस्, कुन्, | यस, कुन | |
| ६. | विशेषण | असल्, खराब्, बिस् | असल, खराब, बिस | |

puspas.com.np

उत्तरः

| | कहाँ | उच्चारण | लेखाइ | थप उदाहरण |
|---|---|---|---|---|
| १. | क्रियापद | बस्, उठ्, हिँड्, बस्छिन् | बस्, उठ्, हिँड्, बस्छिन् | पढ्, गर्, सुत्, खान्छिन्, भन्छन् |
| २. | मान्, वान्, | श्रीमान्, बुद्धिमान्.. | श्रीमान्, बुद्धिमान् | गुणवान्, धनवान्, मान् |
| ३. | अन्य | अर्थात्, जगत्, बृहत् | अर्थात्, जगत्, बृहत् | पश्चात्, अकस्मात् |
| ४. | नाम शब्द | नेपाल्, राम्, धान् | नेपाल, राम, धान | सभासद् विपद् |
| ५. | सर्वनाम | यस्, कुन्, | यस, कुन | शरीर, चार, भार, हार, उस, त्यस, जुन, |
| ६. | विशेषण | असल्, खराब्, बिस् | असल, खराब, बिस | वकिल, पावर, तिस, बाइस |

२१. **पाठबाट खुट्टो काटेका (हलन्त प्रयोग भएका) १० ओटा शब्दहरू खोजेर लेख्नुहोस् ।**

उत्तरः पाउँछन्, हुन्छन्, हुन्, अर्थात्, हुँदैनन्, भित्रिन्छन्, सक्छन्, आत्मसात्, बेच्छन्, जान्छन्

२२. **तलको तालिका अध्ययन गरी पञ्चम वर्णको प्रयोगका बारेमा बुझ्नुहोस् र उत्तरपुस्तिकामा सार्नुहोस् :**

| आधार | पञ्चम वर्णको प्रयोग (लेखन परम्परा) |
|---|---|
| १. क, ख, ग, घ, अघि ङ् लेख्ने | अङ्क, पङ्खा, गङ्गा, सङ्घ |
| २. च, छ, ज, झ, अघि ञ् लेख्ने | पञ्च, लाञ्छना, पुञ्ज, झञ्झा |
| ३. ट, ठ, ड, ढ, अघि ण् लेख्ने | कण्टक, कण्ड, खण्ड, शण्ढ |
| ४. त, थ, द, ध अघि न् लेख्ने | अन्त, ग्रन्थ, आनन्द, गन्ध |
| ५. प, फ, ब, भ, अघि म् लेख्ने | सम्पर्क, पम्पा, अम्बा, सम्भव |
| ६. य, र, ल, व, श, ष, स, ह, ज्ञ अघि शिरबिन्दुको प्रयोग | संयम, संरक्षण, संलग्न, संवेदना, अंश, संसार, संहार |
| ७. तद्भव र आगन्तुक शब्दमा भने च, छ, ज, झ, ट, ठ, ड, ढ अघि पनि उच्चारणअनुसार 'न्' वा 'म्' लेखिन्छ । | सन्चो, चम्चा, कान्छा, मान्छे, झन्डा |

उत्तरः पञ्चम वर्ण भनेको - ङ, ञ, ण, न, म हुन् । यी वर्णहरू प्रयोग भएका शब्दहरू बुझी उत्तरपुस्तिकामा सार्ने ।

२३. **तल दिइएका शब्दलाई पञ्चम वर्णको प्रयोग गरी लेख्नुहोस् :**
**प्रचंड, पिंड, शंका, शंकर, चंचल, संजाल, संगत, अंचल, संबोधन, संभव, गंदर्भ, संध्या**

उत्तरः प्रचंड - प्रचण्ड

पिंड - पिण्ड  शंका - शङ्का,

शंकर- शङ्कर  चंचल - चञ्चल

संजाल - सञ्जाल  संगत - सङ्गत

अंचल - अञ्चल  संबोधन - सम्बोधन,

संभव- सम्भव  गंदर्भ - सन्दर्भ,

संध्या - सन्ध्या

puspas.com.np

२४. **पाठबाट पञ्चम वर्णको प्रयोग भएका १० ओटा शब्द खोजेर वाक्यमा प्रयोग गर्नुहोस् ।**

**उत्तर:** मण्डल, सम्भव, आम्दानी, सञ्चय, सङ्कुचित, सम्पत्ति, सम्पूर्ण, सन्तुष्टि, कम्पनी, सङ्ग्रहणीय ( यी शब्दलाई विद्यार्थीले वाक्यमा प्रयोग गर्ने)

२५. **पाठबाट पञ्चम शिरबिन्दु लागेका कुनै १० ओटा शब्द खोजेर अभ्यास पुस्तिकामा टिप्नुहोस् ।**

**उत्तर:** संसार, संस्कृति, संरक्षण, संवर्धन, संवाहक, हिंसा, संवेदना, संलग्न, संयोजन, संयुक्त

## व्याकरण

१. **तलका उदाहरणबाट सरल, मिश्र र संयुक्त वाक्यहरूको पहिचान गर्नुहोस् र यी तीन ओटै प्रकारका वाक्य प्रयोग गरी आफ्ना बारेमा दुई अनुच्छेद लेख्नुहोस् ।**

**(क) सरल वाक्यहरू**

*मेरो नाम रन्जना राजवंशी हो । मेरो घर झापा जिल्लामा पर्छ । म कक्षा दसमा पढ्छु । पढाइका अतिरिक्त खेलकुद, भ्रमण र समाज सेवा मेरो रुचिका विषय हुन् । म स्काउटमा पनि संलग्न छु । बाढी पहिरो, भूकम्प, आगलागी जस्ता दैवी घटनामा स्वयम् सेवी भएर मैले काम गरेकी छु । म आफ्नो गाउँमा पुगेकी छु । मैले कतिपय घरमा गएर पीडितलाई छाप्रो बनाइदिएकी छु । पल्लो गाउँमा झाडा पखालाको महामारी फैलँदा म त्यहीं पुगेकी थिएँ । त्यस्तै बाढी र आगलागीका अनेक घटनामा स्वयम् सेवा गरेकी छु । यस्ता काम गर्न पाउँदा मलाई सारै खुसी लाग्छ ।*

**(ख) मिश्र वाक्यहरू**

*जब फलफुल पसलमा पुग्छु, तब मलाई मैरे कर्णालीको स्याउको याद आउँछ । कर्णालीको स्याउ जति रसिलो छ, त्यति रसिलो सायद स्वर्गको अमृत पनि छैन । यहाँ काठमाडौंमा स्याउको भाउ कति महँगो छ, कर्णालीमा बिक्री नभएर त्यत्तिकै कुहिरहेछ । जहिलेसम्म हामी हाम्रा कर्णालीका स्याउहरूलाई प्रवर्धन गर्न सक्तैनौं, तहिलेसम्म आत्मनिर्भर बन्न सक्तैनौं ।*

**(ग) संयुक्त वाक्यहरू**

*मेरो घर कैलाली हो, नाम लक्ष्मण थारू हो र काम चाहिँ पढ्नु हो । तराईको फाँटमा घर छ, अलिक माथि पूर्व पश्चिम राजमार्ग छ र त्यहाँबाट सोझै पूर्व जाँदा चिसापानी पुगिन्छ । कर्णाली हिमालबाट झर्छ, पहाडमा समेटिन्छ र तराईलाई सिँचित गर्छ । फुर्सद भयो कि म चिसापानी जान्छु, हिमालको स्याउ, पहाडको सुन्तला, तराईको आँप सबै यहाँ पाइन्छ अनि कर्णालीका माछाको स्वाद भनिसाध्य छैन । मलाई मेरो नाम, गाउँ ठाउँ सबै प्रिय छन् र मुख्य कुरा त नेपाली हुनुमा म गर्व गर्छु ।*

**उत्तर:** म कक्षा दसमा पढ्छु । मेरो विद्यालयको आर्थिक र भौतिक अवस्था निकै राम्रो छ । त्यस विद्यालयको पढाइ मलाई मन पर्छ । म पढ्नमा निकै तेज छु तापनि मेहनत भने त्यति गर्दिनँ । मैले मेहनत नगर्दा बुबाआमा रिसाउनु हुन्छ तर म उहाँहरूलाई छिटै नै खुसी पारिदिन्छु । कला र चातुर्यका कारण बुबाआमा मात्र होइन, म अरूलाई पनि मोहित पार्न सक्छु ।

म भर्खर पन्ध्र वर्ष पार गर्दै छु । मलाई मेरा आमाबुबा र दिदीले खुबै माया गर्नुहुन्छ । आमाले त झन् मलाई मन पर्ने खाना तथा नास्ता बनाएर खुवानु हुन्छ तर म खुसीले खाने काम गर्दिनँ । जब बुबाले ललाइ फकाइ गर्नुहुन्छ तब केही क्षणमै खाइदिन्छु । मेरो बानी देखेर आमा दिक्क मान्नुहुन्छ र बाबुलाई तपाईं छोरालाई सम्झाउनुहोस् भन्नु हुन्छ ।

pishas.com.np

२. **तलको अनुच्छेदबाट सरल, मिश्र र संयुक्त वाक्यहरू पहिचान गरी अलग-अलग तालिकामा देखाउनुहोस् ।**

*हाम्रो यात्रा काठमाडौँबाट चिलिमे जल विद्युत आयोजनासम्मको थियो । आज बिहानै उठेर हात मुख धोई खाजा खाएँ र झोला टिपेर बालाजु पुगेँ । साथीहरू जम्मा हुँदै रहेछन् । जब सात बज्यो तब हाम्रो बस आयो । केही बेरपछि सामाजिक शिक्षक आउनुभयो । गाडीको हर्न बज्यो, हामीहरू बसमा चढ्यौँ र सिटमा बस्यौँ । बस कलङ्की, थानकोट, नागढुङ्गा हुँदै गल्छी पुग्यो । गल्छीको एउटा होटलमा हामीले खाना खायौँ । खानापछि हामी आफ्नो गन्तव्यतिर हुइँकियौँ । जुन बाटो भएर हामी जादैं थियौ । त्यही बाटो भएर चिनबाट ल्याइएका मालवाहक गाडीहरू आइरहेका थिए । पृथ्वीनारायण शाहको देहावसान भएको देवीघाट, नुवाकोट सदरमुकाम विदुर हुँदै वेत्रावती पुग्यौँ । वेत्रावती त्यो ठाउँ हो, जहाँ उहिले नेपाल र तिब्बतबिचमा सन्धि भएको थियो । कालिका स्थानमा पुगेर चिया पियौँ । केही बेर आराम गऱ्यौँ र आफ्नो बाटो लाग्यौँ । जति बेला हामी धुन्चे पुग्यौँ, त्यति बेला त्यहाँ पानी परिहेको थियो । हाम्रो यात्रा अघि बढ्यो । स्याफ्रुबेंसी पुग्दा हामीलाई भोक लागिसकेको थियो । हामीले खाजा खायौँ र चिलिमे जल विद्युत आयोजनाको पावर हाउस घुम्न गयौँ । ओहो ! चिलिमेको पावर हाउस त पहरो खोपेर बनाइएको पो रहेछ ! चमत्कारै रहेछ नि !*

**उत्तर:** सरल वाक्य - हाम्रो यात्रा काठमाडौँबाट चिलिमे जल विद्युत् आयोजनासम्मको थियो । साथीहरू जम्मा हुँदै रहेछन् । कहीबेरपछि सामाजिक शिक्षक आउनु भयो । बस कलङ्की थानकोट, नागढुङ्गा हुँदै गल्छी पुग्यो । गल्छीको एउटा होटलमा हामीले खाना खायौँ । खानापछि हामी आफ्नो गन्तव्यतिर हुँदै वेक्रावती पुग्यौँ । कालिकास्थान पुगेर चिया पियौँ । हाम्रो यात्रा अघि बढ्यो । स्याप्रुबेंसी पुग्दा हामीलाई भोक लागि सकेको थियो ।

**वाक्य** - जब सात बज्यो तब हाम्रो बस आयो । जुन बाटो भएर हामी जादैं थियौँ त्यही बाटो भएर चिनबाट ल्याइएका मालबाहक गाडीहरू आइरहेका थिए । वेत्रावती त्यो ठाउँ हो, जहाँ उहिले नेपाल र तिब्बत बिचमा सन्धि भएको थियो । जति बेला हामी धुन्चे पुग्यौँ, त्यति बेला त्यहाँ पानी परिरहेको थियो ।

**संयुक्त वाक्य** - आज बिहानै उठेर हात मुख धोई खाजा खाएँ र झोला टिपेर बालाजु पुगेँ गाडीको हर्न बज्यो, हामीहरू बसमा चढ्यौँ र सिटमा बस्यौँ । केही बेर आराम गऱ्यौँ र आफ्नै बाटो लाग्यौँ । हामीले खाजा खायौँ र चिलिमे जल विद्युत् आयोजनाको पावर हाउस घुम्न गयौँ । अहो ! चिलिमेको पावर हाउस त पहिरो खोपेर बनाइएको पो रहेछ ! चमत्कारै रहेछ नि !

३. **पाठको १२ औं अनुच्छेदमा सरल, मिश्र र संयुक्त मध्ये कुन-कुन वाक्यहरू कति कति छन् ?**

**उत्तर:** पाठको १२ औं अनुच्छेद छ ओटा सरल वाक्य, एउटा मिश्र वाक्य र तीनओटा संयुक्त वाक्य प्रयोग गरिएका छन् ।

४. **पाठको २४ औं अनुच्छेदमा प्रयोग भएका संयुक्त वाक्यलाई सरल वाक्यहरूमा परिणत गर्नुहोस् ।**

**उत्तर:** विश्वव्यापीकरण वातावरणीय विनाशको मुख्य कारक हो । विश्वव्यापीकरणसँग ठुला उद्योग र कल कारखानाहरू बन्दा सहरीकरण बढ्दै गएर वन जङ्गल नासिँदै गयो । यसबाट वातावरण प्रदूषण बढ्दा ओजोन तहको विनाश हुन थाल्यो । यसबाट पृथ्वीमा जीवको अस्तित्व नै सङ्कटमा परेको छ । स्थानीयकरणमा साना र घरेलु उद्योगमा जोड दिइन्छ । यसले सहरीकरणलाई नियन्त्रण र वन जङ्गलको संरक्षण गर्दै हानिकारक ग्याँस उत्पादन गर्ने कारखानाहरूमा नियन्त्रण गर्छ । यसैले विश्वव्यापीकरणमा भन्दा स्थानीय करणमा जोड दिनु आवश्यक छ ।

puspas.com.np

**५. सरल, मिश्र र संयुक्त तीनओटै वाक्यको प्रयोग गरी छोटो दैनिकी लेख्नुहोस् ।**

**उत्तर:** घन्टाघरको आवाज र रेडियो नेपालको मधुर धुनसँगै म पाँच बजे बिउँझिएँ । नित्यकर्म पश्चात् आमाले ल्याइदिनुभएको चिया नास्ता खाएँ । जब छ बज्यो तब लुगा सुगा लगाएर विद्यालयतर्फ लागेँ । विद्यालयमा सरस्वतीको तस्बिरलाई भव्य रूपमा सजाइएको पाएँ र म साथीहरूसँग पूजाका लागि लाइनमा लागेँ । विद्याकी अधिष्ठात्री सरस्वतीको पूजा गर्न शिक्षक, कर्मचारी र विद्यार्थीहरूको ठुलो घुइँचो थियो, जब पूजा सकियो तब विद्यालयका पाले दाइले सबैलाई टीका लगाइदिने र प्रसाद बाँड्ने काम गरे । सरस्वतीप्रति गहिरो श्रद्धा प्रकट गर्दै घर पुगेर आमाले राखिदिनु भएको खाना खाएँ । आज दिनभर जस्तो साथीहरूसँग भेटघाट र कुराकानी गर्दै समय बिताइयो ।

**६. तलको अनुच्छेदमा पूर्ण पक्षका वाक्यहरू छन् । तिनीहरू कुन-कुन कालका पूर्ण पक्ष हुन् ? पहिचान गरी अलग अलग सूचीमा देखाउनुहोस् ।**

*दलित भएकैले मेरा पुर्खाहरूले धेरै अपमान भोगेका थिए । मैले पनि धेरै अपमान सहेको छु । आशा छ, दलित भएकै कारण भविष्यमा कोही पनि अपमानित भएका हुने छैनन् । मेरा पुर्खाहरू मन्दिरभित्र पस्न पाएका थिएनन् । हाम्रा अग्रजहरूले मन्दिरभित्र पस्न नदिने परम्पराका विरुद्ध सङ्घर्ष गरेका थिए । अब मेरा सन्ततिले निर्बाध रूपमा मन्दिरमा प्रवेश पाएका हुने छन् । मैले पनि गाउँमा यो गलत परम्परा अटाऊँ भनेर अभियान चलाएको छु । मेरा अभियानहरूमा समाजका सचेत वर्गले साथ दिएका छन् । नभन्दै दलितको अवस्थामा सकारात्मक परिवर्तन हुन थालेको छ । भविष्यमा दलितसम्बन्धी सबै खाले भेदभाव अन्त्य भएको हने छ ।*

**उत्तर:** **पूर्ण भूत** - दलित भएकोले मेरो पुर्खाहरूले अपमान भोगेका थिए । मेरा पुर्खाहरू मन्दिरभित्र पस्न पाएका थिएनन् । हाम्रा अग्रजहरूले मन्दिरभित्र पस्न नदिने परम्पराका विरुद्ध सङ्घर्ष गरेका थिए ।

**पूर्ण वर्तमान** - मैले पनि धेरै अपमान सहेको छु । मैले पनि गाउँमा यो गलत परम्परा हटाउन भनेर अभिमान चलाएको छु । मेरा अभियानहरूमा समाजका सचेत वर्गले साथ दिएका छन् । नभन्दै दलितको अवस्थामा सकारात्मक परिवर्तन हुन थालेको छ ।

**पूर्ण भविष्यत्** - आशा छ, दलित भएकै कारण भविष्यमा कोही पनि अपमानित भएका हुने छैनन् । अब मेरा सन्ततिले विर्बाध रूपमा मन्दिरमा प्रवेश पाएका हुनेछन् । भविष्यमा दलित सम्बन्धी सबै खाले भेदभाव अन्त्य भएको हुनेछ ।

**७. पूर्ण भूत कालमा रहेका तलको कथांशलाई पूर्ण वर्तमान र पूर्ण भविष्यत्मा बदल्नुहोस् :**

*चोरी भएको मेरो कथा मैले बडो मेहनतका साथ कम्प्युटरमा टाइप गरी फ्लपीमा सारेको थिएँ । कथाको विषय समसामयिक र शैली एकदमै नौलो भएकाले म यो कथा छिटोभन्दा छिटो छपाउन हतारिएको थिएँ । त्यसैले एक दुई सम्पादक मित्रसँग आफैँ कुरा गरेर जुन पत्रिकामा छिटो छापिन्छ, त्यसैमा दिन निस्केको थिएँ । खल्तीमा फ्लपी थियो र म खपिनसक्नु घुइँचो भएको बसमा ठेलमठेल गरेर चढेको थिएँ । त्यसै भिड र ठेलमठेलमा कुनै बगलीमाराले मेरो खल्तीबाट मोटो पर्स ठानेर त्यो फ्लपी उडाएको थियो । (मोहनराज शर्मा : एउटी रा, राउटी मो)*

**उत्तर:** पूर्ण वर्तमान - चोरी भएको मेरो कथा बडो मेहनतका साथ कम्प्युटरमा टाइप गरी फ्लपीमा सारेको छु । कथाको विषय समसामयिक शैली एकदमै नौलो भएकाले म यो कथाभन्दा छिटो छपाउन हतारिएको छु । त्यसैले एक दुई सम्पादन मित्रसँग आफैँ कुरा गरेर जुन पत्रिकामा छिटो छापिन्छ, त्यसैमा दिन निस्केको छु । खल्तीमा फ्लपी छ र म खपि सक्नु भएको बसमा ठेलमेल गरेर चढेको छु । त्यसै भिड र ठेलमेलमा कुनै बगलीमाराले मेरो खल्तीबाट मोटो पर्स ठानेर फ्लपी उठाएको छ ।

pushpas.com.np

**पूर्ण भविष्यत् -** *चोरी भएको मेरो कथा मैले बडो मेहनतका साथ कम्प्युटरमा टाइप गरी फ्लपीमा सारेको हुने छु । कथाको विषय समयामयिक र शैली एकदमै नौलो भएकाले म यो कथा छिटोभन्दा छिटो छपाउन हतारिएको हुने छु । त्यसैले एक दुई सम्पादक मित्रसँग आफैँ कुरा गरेर जुन पत्रिकामा छिटो छापिन्छ, त्यसै दिन निस्केको हुने छु । खल्तीमा फ्लपी भएको हुने छ र म खपिनसक्नु घुइँचो भएको बसमा ठेलमठेल गरेर चढेको हुने छु । त्यसै भिड र ठेलमठेलमा कुनै बगलीमाराले मेरो खल्तीबाट मोटो पर्स ठानेर त्यो फ्लपी उडाएको हुने छ । (मोहनराज शर्मा : एउटी रा, राउटी मो)*

८. **पूर्ण भूत कालको प्रयोग गरी कुनै ठाउँमा जाँदाका अनुभूतिहरू समेटेर एउटा अनुच्छेद लेख्नुहोस् ।**

**उत्तर:** नववर्ष २०७४ को उपलक्ष्यमा म पोखरा घुम्न गएको थिएँ । मैले पोखरामा जीवनको पन्ध्रौं वसन्त पार गर्दै गर्दा पाइला टेकेको थिएँ । यसअघि पोखराका बारेमा टिभी च्यानल र रेडियोबाट सुन्ने मौका पाएको थिएँ । जब मैले पोखरामा पाइला टेकेको थिए तब म खुबै रमाएको थिएँ । फेवातालमा अवस्थित वाराही मन्दिरको दर्शन गर्न पाउँदा मेरो हर्षको सीमाले डाँडा काटेको थियो । फेवातालमा डुङ्गामा एक फन्को मार्दा मलाई स्वर्गीय आनन्दको अनुभूति भएको थियो । महेन्द्रगुफा, चमेरे गुफा र विन्ध्यवासिनी देवीको अवलोकन भ्रमण गर्दा मेरो पोखरा घुम्ने आकाङ्क्षा पुरा भएको थियो ।

| सिर्जनात्मक अभ्यास | पेज १०० |
|---|---|

**पक्ष र विपक्षमा एक-एक जना वक्ताका भनाइ समावेश गरी तलका मध्ये कुनै एक विषयमा वादविवाद लेख्नुहोस् :**

**(क) मनभन्दा धन ठुलो**

**उत्तर: पक्षबाट - उमेश श्रेष्ठ**

यस सभाका सभाध्यक्षज्यू, अतिथिज्यूहरू, निर्णाय, मण्डल, गुरुवर्ग र मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा 'मनभन्दा धन ठुलो' भन्ने विषयका पक्षबाट आफ्ना धारणा राख्दै छु । धन नभई आजको दुनियाँमा केही हुनेवाला छैन । मन छ धन छैन भने मनले सोचेर मात्र के हुन्छ ? त्यसैले जे काम गर्न पनि धनको आवश्यकता हुन्छ र धन भएकै मानिसको नाम संसारभर चम्किन्छ ।

मन सबै मानिसमा हुन्छ । मनले धेरै कुरा गर्न खोजेको हुन्छ तर मनले गर्न खोजेको कुरा धनले मात्र पुरा गर्छ । धन भनेको यस्तो चिज हो, जुन कुराले सबैलाई आकर्षित गर्छ । समाज सेवादेखि राजनीति गर्न वा उद्योगधन्दा सञ्चालन गर्न पनि धन नभई हुँदैन । राजनीति गर्नेले आफ्ना कार्यकर्तालाई पाल्न सकेन भने राजनीति नगरे हुन्छ । त्यस्तै समाज सेवा गर्नका लागि पनि धनकै आवश्यकता पर्दछ । कुनै दु:खी वा गरिबको उद्धार गर्नु पर्‍यो भने मन भएर मात्र हुँदैन, धनकै आवश्यकता पर्दछ । धन नभएमा उद्योगधन्दाको त कल्पना पनि गर्न सकिन्न ।

सभाध्यक्ष महोदय,

कुनै पनि राष्ट्रले जनतालाई सेवा सुविधा प्रदान गर्नु पर्‍यो भने पनि धनकै आवश्यकता पर्दछ । राज्य नै कङ्गाल छ भने जनतामा त्यस राज्यले सेवा सुविधा पुऱ्याउनै सक्दैन । त्यसैले नाम, इज्जत एवम् प्रतिष्ठा कायम गर्न मानिस र राज्य तथा विश्वकै लागि मनभन्दा धनको ठुलो महत्त्व छ भन्दै आफ्नो भनाइ यहीं पुरा गर्न चाहन्छु ।

धन्वाद !

puspas.com.np

**विपक्षबाट - मन्दिरा यादव**

यस सभाका सभाध्यक्षज्यू, अतिथिज्यूहरू, निष्पक्ष निर्णायक मण्डल, आदरणीय गुरुजन र मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म विषयका विपक्षबाट आफ्ना धारणा राख्दै छु । मेरो विषय 'धनभन्दा मन ठुलो' भन्ने रहेको छ । मानिससँग धन भएर मात्र हुँदैन, उससँग उदार मनको पनि त्यत्तिकै आवश्यकता पर्दछ । मानिसको मन सङ्कुचित भएमा उसले धन भए पनि जीवनमा केही गर्न सक्दैन । मानिसको जीवनमा केही सफलता हासिल गर्न पनि मनमा उदारता र भावनामा फराकिलोपन हुनै पर्छ । त्यसैले मेरा विचारमा धनभन्दा मन नै ठुलो हो ।

सभाध्यक्ष महोदय, मेरा पूर्ववक्ता मित्रले मनभन्दा धन ठुलो हो भन्ने कुरालाई पुष्टि गर्न अनेक उदाहरण पेस गर्नुभयो । कुनै पनि काम गर्न धनको आवश्यकता हुन्छ भन्ने उहाँको तर्क सुन्दा मलाई अचम्म लाग्यो । कुनै काम गर्न मानिसभित्र मन भएन भने सम्भव छ ? पक्कै छैन । त्यसैले धन भएर मात्रै कुनै काम सम्पन्न हुन्न, त्यसका लागि मन सक्रिय हुनै पर्छ । त्यस्तै उहाँले समाज सेवा, राजनीति र उद्योगधन्दाका लागि पनि धन नभई हुँदैन भन्नु भयो । होला उद्योगधन्दाका लागि धनको जोहो हुनुपर्छ तर त्यसमा मनले कामै गरेन भने तपाईं कसरी सफल हुन सक्नुहुन्छ ? समाज सेवा र राजनीति त धनमा होइन, मनबाटै सञ्चालित हुन्छ । भारतका राष्ट्रपिता महात्मा गान्धीसँग धन थियो ? थिएन, तर उनले उदार मन र विशाल हृदयका कारण विजय हासिल गर्न सकेका थिए । समाज सेवाका लागि पनि मानिसको मन उदार हुनै पर्छ, मन उदार भएन भने पैसाको पहाडै भए पनि उसले केही गर्न सक्दैन ।

सभाध्यक्ष महोदय, राज्यबाट सेवा सुविधा प्राप्त गर्न पनि धन नै आवश्यक पर्छ भन्ने मेरा पूर्ववक्ता मित्रको भनाइसित म पटक्कै सहमत छैन । राज्य सञ्चालन गर्नेसित उदार मन भएन भने धन मात्र भएर के हुन्छ त्यस्ता शासकले आफैं सबै सकिदिन्छ । हामीले राणा शासन पश्चात् पञ्चायती शासनमा नदेखेका अनि नभोगेका हौं र ? त्यसैले धनभन्दा मन नै ठुलो हो भन्दै मेरो भनाइ यहीं पुरा गर्न चाहन्छु ।

धन्यवाद !

**(ख) इन्टरनेट अभिशाप होइन वरदान हो ।**

**उत्तर: पक्षबाट- अमरध्वज लिम्बु**

यस सभाका सभाध्यक्षज्यू, अतिथिज्यूहरू, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग तथा मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म 'इन्टरनेट अभिशाप होइन वरदान हो' भन्ने विषयका पक्षबाट आफ्ना धारणा राख्दै छु । आधुनिक युगका लागि विज्ञानले पस्केको मिठो वरदानका रूपमा इन्टरनेट आएको छ । यो आज मानवका लागि अभिशाप होइन वरदान साबित भएको छ । अहिले कम्प्युटर र मोबाइलका अङ्ग प्रत्यङ्गभित्र पसेर विज्ञानले दिनप्रतिदिन विस्मयकारी चमत्कार देखाउन थालेको छ । कम्प्युटर र मोबाइलभित्रबाट मानव जातिले प्राप्त गरेको एक अद्भुत, रहस्यमय र क्रान्तिकारी उपलब्धिका रूपमा रहेको इन्टरनेटलाई अभिशाप भन्नु समयको प्रवाहलाई नबुझ्नु हो, मानिस अन्धकारतिर धकेलिनु हो । आज इन्टरनेट मार्फत व्यक्तिले एउटै सानो कोठामा बसेर संसारका जुनसुकै भागको समाचार, सूचना, व्यापारिक गतिविधि, हुलाक, रेडियो, टिभी, कुराकानी आदिसँग सम्बन्धित यावत् कुराहरू प्राप्त गर्न सक्ने सुविधालाई अभिशाप भन्नु मूर्खता सिवाय केही होइन ।

pustak.com.np

सभाध्यक्ष महोदय, अभिशाप त्यसलाई भनिन्छ, जसले जीवनलाई उज्यालोतिर होइन, अन्धकारतिर धकेल्छ । इन्टरनेटले जीवनलाई अन्धकारतिर होइन उज्यालोतिर लैजान्छ । इन्टरनेट यस्तो 'अन्त: सञ्जाल' हो जसले एउटा कम्प्युटर र अर्को कम्प्युटर वा मोबाइलबिच सञ्चार सूचनाको अन्तप्रवाह गर्दछ । हरेक कम्प्युटरभित्र मानव जीवनसँग सम्बन्धित उपयोगी थुप्रै सञ्चार सूत्रहरू जेलिएका हुन्छन् र मोबाइल फोनबाट एक आपसमा कुराकानी गर्दै हात हातैमा इन्टरनेट चलाउन सक्ने सुविधा उपलब्ध हुनु सानो उपलब्धि होइन । यस्तो उपलब्धिलाई अभिशाप भन्नु प्रविधिलाई नबुझ्नु हो ।

सभाध्यक्ष महोदय, इन्टरनेटलाई सूचनाको उत्कृष्ट राजमार्ग भनिन्छ । इन्टरनेटमा जोडिएको कम्प्युटर र मोबाइलबाट विश्वभरका इन्टरनेटमा जोडिएका करोडौं कम्प्युटर र मोबाइलसँग संवाद गर्न सकिन्छ । इन्टरनेटमा प्रवेश गर्न एउटा कम्प्युटर, एउटा टेलिफोन लाइन र एउटा टेलिफोन मोडिमको आवश्यकता पर्दछ । यति भइसकेपछि हामीले चाहेको कुरा सहजै उपलब्ध गर्न सक्छौं । त्यसैले इन्टरनेट मानव मात्रका लागि अभिशाप होइन वरदान हो भन्दै मेरो भनाइ यहीं पुरा गर्न चाहन्छु ।

धन्यवाद !

**विपक्षबाट- कविता मगर**

यस सभाका सभाध्यक्षज्यू, अतिथि गण, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग र मेरा प्यारा साथीहरू !

आजको यस वादविवाद प्रतियोगितामा म विषयका विपक्षबाट आफ्ना धारणा यहाँहरू समक्ष पस्किरहेकी छु । मेरो विषय 'इन्टरनेट वरदान होइन अभिशाप हो' भन्ने रहेको छ । मेरा पूर्ववक्ता मित्रले इन्टरनेटलाई चमत्कार एवम् विस्मयकारी उपलब्धि भनेको सुन्दा मलाई अचम्म लागिरहेको छ । आज इन्टरनेट मानव जातिका लागि वरदान होइन यसले पुऱ्याएको नोक्सानीलाई हेर्दा अभिशाप साबित भएको छ ।

सभाध्यक्ष महोदय,मेरा पूर्ववक्ता मित्रले इन्टरनेटले मानव जीवनलाई उज्यालोतिर लैजान्छ भनेको सुन्दा उहाँको बौद्धिकतालाई देखेर दया लागेर आउँछ । आज इन्टरनेटले मानवलाई उज्यालोतिर होइन अन्धकारतिर धकेलिरहेको छ । आजका बोली समेत नफुटेका ससाना बालबालिकाहरूलाई कति बिगारेको छ भन्ने कुराको लेखाजोखा नै छैन । इन्टरनेटकै कारण हत्या, हिंसा, बलात्कार जस्ता जघन्य अपराधहरू समाजमा बढ्दै गएका छन् । आजका आठ वर्ष पुगिसकेका बालबालिकालाई यौनजन्य क्रियाकलापमा प्रवृत्त गराउने इन्टरनेट नै होइन ? त्यसैले इन्टरनेट वरदान होइन अभिशाप बनेको छ ।

सभाध्यक्ष महोदयले मेरा पूर्ववक्ता मित्रले इन्टरनेटलाई सूचनाको उत्कृष्ट राजमार्ग भने पनि म यसलाई मान्ने पक्षमा छैन । हाम्रा ऋषिमुनिहरू एकान्त ठाउँमा बसेर भूत, वर्तमान र भविष्य सबै कुरा देख्थे । उनीहरूले समाजलाई अनि मानव सभ्यतालाई अधोगतिर होइन गरिमामय बनाएर छाडे तर इन्टरनेटले मानव सभ्यतालाई नै चुनौती दिएको छ, कलङ्कित बनाएको छ । त्यसैले इन्टरनेलाई वरदान होइन अभिशाप हो भन्दै मेरो भनाइ यहीं अन्त्य गर्छु ।

धन्यवाद !

**(ग) नेपालमा कृषिमा भन्दा उद्योगमा जोड दिनुपर्छ ।**

**उत्तर: पक्षबाट- रामकृष्ण शर्मा**

यस सभाका श्रद्धेय सभाध्यक्षज्यू, अतिथिगण, निर्णायक मण्डल, आदरणीय गुरुजन तथा मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म 'नेपालमा कृषिमा भन्दा उद्योगमा जोड दिनुपर्छ' भन्ने विषयका पक्षबाट आफ्ना धारणा यहाँहरू समक्ष राख्दै छु । नेपालको

puspas.com.np

भौगोलिक, वातावरणीय र जैविक विविधतालाई ख्याल गर्दा कृषिमा भन्दा उद्योगमा जोडदिनु बुद्धिमानी हुन्छ । आज नेपालका लागि औद्योगिक क्रान्तिको आवश्यकता छ । उद्योगबाटै नेपालको अर्थतन्त्रमा अभूतपूर्व प्रगति गर्न सकिन्छ र नेपालीहरूको जीवन उद्योगबाटै समृद्ध बन्छ ।

नेपालमा उद्योगका लागि चाहिने कच्चा पदार्थ सहजै उपलब्ध छ । यहाँ ससाना घरेलु उद्योगदेखि ठुल्ठुला उद्योगहरू सञ्चालन गर्नलाई कुनै समस्या छैन । कपडा उद्योग, सिमेन्ट उद्योगदेखि थुप्रै उद्योगहरू सञ्चालन गर्नसके युवाहरूले जागिरका लागि विदेशी भूमिमा गएर रगत पसिना बगाउनु पर्ने थिएन । कृषिबाट मानिसलाई सहजै फाइदा हुँदैन र जीवन सुखी पनि बन्न सक्दैन । कृषिका लागि वातावरण अनुकूल हुनुपर्छ अतिवृष्टि, अनावृष्टिका कारण कृषिमा लाग्ने नेपालीहरूले सुख होइन दु:ख मात्र बेहोर्नु परेको छ । लगानीका तुलनामा प्रतिफल अत्यन्त न्यून छ । त्यसैले नेपालमा कृषिमा होइन उद्योगमा जोड दिनुपर्छ भन्ने मेरो विचार छ ।

सभाध्यक्ष महोदय,

कृषिका लागि उचित बजारीकरणको व्यवस्था नहुँदा जनताले दु:ख पाइरहेका छन् । कृषिका तुलनामा उद्योगले निकै राम्रो बाटो समाति सकेको छ र उद्योग सञ्चालन गर्न वातावरण पनि अनुकूल छ । त्यसैले नेपालमा कृषिमा भन्दा उद्योगमा जोड दिनुपर्छ भन्दै मेरो भनाइ यहीं पुरा गर्न चाहन्छु ।

धन्यवाद !

**विपक्षबाट- उषाकिरण श्रेष्ठ**

यस सभाका सभाध्यक्षज्यू, अतिथि गण, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग तथा मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म विषयको विपक्षबाट बोलिरहेकी छु । मेरो विषय 'नेपालमा उद्योग भन्दा कृषिमा जोड दिनुपर्छ' भन्ने रहेको छ । नेपाल एउटा कृषि प्रधान देशका रूपमा परापूर्वकालदेखि चिनिँदै आएको छ । तराईको विशाल फाँट, पहाडी क्षेत्रका उपत्यका र हिमाली क्षेत्रमा समेत कृषि व्यवसायलाई विकसित गर्न सकिन्छ । उद्योग सञ्चालन गर्न त प्रविधिको आवश्यकता पर्दछ । त्यसका लागि हामीले प्रविधिको विकास कहाँ गरेका छौं ? त्यसैले मेरा विचारमा नेपालमा उद्योगमा होइन कृषिमा जोड दिनु पर्छ भन्ने मेरो मान्यता छ ।

सभाध्यक्ष महोदय, मेरा पूर्ववक्ता मित्रले कृषिलाई तल्लो स्तरको र उद्योगलाई माथिल्लो स्तरको मान्दै उद्योगमा लाग्न जोड दिनु भएको सुन्दा अचम्म लागिरहेको छ । नेपालीहरूमा खेती गर्ने सिप छ, कला छ, अनि मौसम र वातावरण छ । जसमा जे कुरा छ त्यही काम गर्दा नै सफलता मिल्छ । नजाने गाउँको बाटो नसोध्नू भने झैं थाहै नभएको उद्योगमा लाग्दा न त फाइदा लिन सकिन्छ न त त्यसले जीवन स्तर उकास्न नै सक्छ । त्यसैले नेपालीहरूको योग्यता, क्षमता र सिपअनुसार उद्योगमा होइन कृषि क्षेत्रमा लाग्नु उपयुक्त र वाञ्छनीय हुन्छ ।

सभाध्यक्ष महोदय, आज नेपाली जनताले कृषि पेसामा लागेर आफ्नो जीवनस्तरलाई माथि माथि उठाउँदै लगेको कुरा कसैबाट छिपेको छैन । दिनप्रतिदिन कृषिमा नेपालीहरूको आकर्षण बढ्दो छ । यसले पनि नेपालका लागि कृषि नै फाइदाजनक रहेको स्पष्ट हुन्छ । नेपालको साख विश्वसामु जोगाइ राख्न कृषिमै जोड दिनु उत्तम मानिन्छ । अत: नेपालमा उद्योगमा भन्दा कृषिमा जोड दिनु ठिक हो भन्दै मेरो भनाइ यहीं पुरा गर्न चाहन्छु ।

धन्यवाद !

pluspas.com.np

(घ) **वैदेशिक रोजगारभन्दा स्थानीय स्वरोजगार बेस**

**पक्षबाट - दीपक आचार्य**

उत्तरः यस सभाका सभाध्यक्षज्यू, अतिथि गण, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग तथा मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म 'वैदेशिक रोजगारभन्दा स्थानीय स्वरोजगार बेस' भन्ने विषयका पक्षबाट आफ्ना धारणाहरू राख्दै छु । आफ्नो देश, आफन्तजनबाट टाढा गएर रोजगारी गर्नु भन्दा स्थानीय रूपमै स्वरोज़गार सिर्जना गरी जीवन बिताउनु धेरै नै राम्रो हो । आज विशेष गरी नेपाली युवाहरू खाडी मुलुकमा गएर रगत पसिना बगाइरहेका छन् । अरब, कतार, मलेसिया जस्ता देशहरू अहिलेका प्रमुख गन्तव्य बनेका छन् । विदेशमा बस्दाका पीडाले हजारौं युवाहरू प्रताडित भएका छन् । स्वदेशमै रोजगार सिर्जना गर्ने हो भने यस्तो स्थिति त बेहोर्नु पर्ने थिएन ।

सभाध्यक्ष महोदय, नेपालमा स्थानीय स्वरोजगारका अवसरहरू प्रशस्त मात्रमा सिर्जना गर्न सकिने अवस्था छ । यहाँ स-साना घरेलु उद्योगधन्दादेखि पशुपालन, बाखापालन, कुखुरापालन, मत्स्यपालन आदि व्यवसायहरू गर्न सकिने वातावरण छ । काम र मामको खोजीमा विदेशमा गई आफू तडपिनु र परिवार जनलाई तडपाउनु कदापि बुद्धिमानी होइन । जीवनमा सुख, शान्ति र समृद्धिका लागि विदेशमा गएर नेपालीहरूले तडपिनु पर्ने अवस्था छैन । स्थानीय स्वरोजगार सिर्जना गरी जीवनलाई सुखी र समृद्ध पार्नतिर लम्कनु आजको आवश्यकता र युगको माग हो ।

सभाध्यक्ष महोदय, अब हामीले वैदेशिक रोजगारबाट झेल्नुपर्ने अनेकौं पीडालाई मनन गर्दै स्थानीय स्वरोजगार बेस हुन्छ भन्ने कुरा सबैलाई बुझाउन जरुरी भएको छ । स्थानीय स्वरोजगारबाटै प्रशस्त लाभ लिन सकिने सम्भावना रहेकोले विशेष गरी आजका युवाहरू यसतर्फ आकर्षित हुन आवश्यक छ । त्यसैले वैदेशिक रोजगारभन्दा स्थानीय स्वरोजगार बेस हो भन्दै मेरो भनाइ यहीं पुरा गर्दछु ।

धन्यवाद !

**विपक्षबाट - महेश थारू**

यस सभाका सभाध्यक्षज्यू, अतिथि गण, निर्णायक मण्डल, आदरणीय गुरुवर्ग तथा मेरा प्यारा साथीहरू !

आजको वादविवाद प्रतियोगितामा म विषयका विपक्षबाट आफ्ना धारणा राख्दै छु । मेरो विषय 'स्थानीय रोजगारभन्दा वैदेशिक रोजगार बेस' भन्ने रहेको छ । स्थानीय स्वरोजगारको अवस्था असहज भएकै कारण आज हजारौं युवाहरू वैदेशिक रोजगातर्फ आकर्षित भएका हुन् भन्ने कुरा मेरा पूर्ववक्ता मित्रलाई थाहा रहेछ । आज वैदेशिक रोजगारीकै कारण गाउँको मुहार फेरिएको छ । वर्षभरि काम गरे पनि कमाउन नसकिएको पैसा केही महिनामै विदेश गएर नेपाली युवाहरूले कमाइ रहेका छन् । परिवारका इच्छा पुरा गर्न र बालबालिकाहरूलाई चाहेका ठाउँमा शिक्षा हासिल गराउन सक्नु वैदेशिक रोजगारकै प्रतिफल हो ।

सभाध्यक्ष महोदय, नेपालमा आज स्थानीय स्वरोजगारका बारेमा कसले चासो र चिन्ता लिएको छ ? यहाँ अनेक प्रकारका स्वरोजगार सिर्जना गर्न सकिने वातावरण छ, भन्ने मेरो पूर्ववक्ता मित्रको कुरा सुन्दा मलाई अचम्म लागिरहेको छ । स्थानीय

स्वरोजगार सिर्जना गर्ने सोच आज कुइराको काग जस्तो भएको छ । त्यसैले युवाहरू स्थानीय स्वरोजगार सिर्जना गरेर झन्झटमा फस्नु भन्दा सरक्क विदेशमा गएर पैसा कमाएर ल्याई जीवनलाई खुसी बनाउन उपयुक्त ठान्छन् ।

सभाध्यक्ष महोदय, मेरा पूर्ववक्ता मित्रले भनेअनुसार स्थानीय स्वरोजगारमा लाग्नु त्यति सहज छैन । वैदेशिक रोजगारमा गएर दु:ख गर्नु नै बेस हुन्छ । विदेशमा केही नभए पनि श्रमअनुसार फल त पाइन्छ । यहाँ त त्यति पनि सम्भव देखिन्न । यहाँ नियम, कानुनको पालनाभन्दा खिल्ली उडाउने काम गरिन्छ । त्यस्तै श्रमलाई इज्जत गर्ने भन्दा अपहेला गरिन्छ । त्यसैले स्थानीय स्वरोजगारभन्दा वैदेशिक रोजगार नै बेस हो भन्दै मेरा भनाइ यहीँ पुरा गर्न चाहन्छु ।

धन्यवाद !

❑❑❑

pustakalaya.com.np

puspas.com.np

# THE END

If you liked this note, then please do share it with your friends and please subscribe to our **YouTube Channel**. Also, like and follow us on our **Facebook Page**.

## Class 10 Notes Collection

Now, it is easier to find notes of all chapters for Nepali subjects. Just click on the following button and you will get complete lists of chapters with links to notes. 😊

**Nepali**

Please email us at pdf-feedback@puspas.com.np if you have any suggestions or feedback.